१७ औँ अङ्क (२०६४ सालदेखि वार्षिक रूपमा प्रकाशित)

# नेपालको तथ्याङ्कीय झलक २०८३




नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौँ
+९७७-१-५३२८४०६, ५३४५९१३, ५३४५९४६, ५३४५९४७, ५३४५९४८
फ्याक्स : +९७७-१-५३२७७२०, पोष्ट बक्स नं. : ११०३१
इमेल: info@nsonepal.gov.np, वेबसाइट: www.nsonepal.gov.np

## परिचय

नेपाल एक स्वतन्त्र, अखण्ड, सार्वभौम, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुख्य संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित छ । नेपालमा कोशी, मधेश, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम गरी ७ प्रदेश र जम्मा ७५३ स्थानीय तह छन् ।

नेपाल २६° २२' देखि ३०° २७' उत्तरी अक्षांश र ८०° ०४' देखि ८८° १२' पूर्वी देशान्तरबीच अवस्थित छ । नेपालको पूर्व, दक्षिण तथा पश्चिममा भारत र उत्तरमा चीनसँग सिमाना जोडिएको छ । पूर्व-पश्चिम लम्बाइ करिब ८८५ किलोमिटर र उत्तर-दक्षिण चौडाइ करिब १९३ किलोमिटर रहेको नेपाल आकारमा चतुर्भुजजस्तो देखिन्छ । कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेको नेपालले विश्वको कुल भू-भागको ०.०३ प्रतिशत, एशिया महादेशको ०.३ प्रतिशत र दक्षिण एसियाको २.८२ प्रतिशत ओगटेको छ । क्षेत्रफलको आधारमा नेपाल विश्वको ९३ औँ ठूलो राष्ट्र हो भने जनसङ्ख्याको दृष्टिले नेपाल ४८ औँ स्थानमा पर्दछ ।

देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो । लालीगुराँस राष्ट्रिय फूल, गाई राष्ट्रिय जनावर, डाँफे राष्ट्रिय चरा, सिम्रिक राष्ट्रिय रङ र भलिबल नेपालको राष्ट्रिय खेल हो ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो । यहाँ १० धर्म, १२४ भाषा, र १४२ जातजातिका २ करोड ९२ लाख मानिसहरू बसोबास गर्छन् ।

भौगोलिक दृष्टिले नेपाललाई हिमाल, पहाड र तराई क्षेत्रमा विभाजित छ, यहाँ देशको क्रमशः ६.१ प्रतिशत, ४०.३ प्रतिशत र ५३.६ प्रतिशत जनसङ्ख्या बसोबास गर्छन् । यी भेगहरूले देशको क्रमशः १५, ६८ र १७ प्रतिशत भू-भाग ओगटेका छन् ।

नेपालमा ७७ जिल्ला, ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका छन् । वडाहरू स्थानीय तहका सबैभन्दा साना इकाई हुन् । यिनको सङ्ख्या हाल ६७४३ छ । विराटनगर, वीरगन्ज, काठमाडौँ, ललितपुर, भरतपुर र पोखरा नेपालका महानगरहरू हुन् । नेपालको राजधानी काठमाडौँ हो, यसलाई मन्दिरहरू र जात्राहरूको सहर पनि भनिन्छ ।

नेपाल हिमाल, नदी र तालहरूको देश हो । विश्वका १४ वटा ८ हजार मिटरभन्दा अग्ला हिमालमध्ये ८ वटा नेपालमा अवस्थित छन् । नेपालमा ६ हजारभन्दा बढी नदी-नालाहरू छन् । प्रमुख नदीहरू कोशी, गण्डकी, कर्णाली, मेची, महाकाली, बागमती, राप्ती, आदि हुन् । नेपालमा ५ हजारभन्दा बढी तालतलैया छन्, जसमा रारा, शे-फोक्सुण्डो, फेवा, तिलिचो, गोसाइँकुण्ड, आदि विशेष छन् ।

नेपालको ४४.७४ प्रतिशत भूभाग वनले ढाकेको छ । नेपालमा १२ राष्ट्रिय निकुञ्ज, ६ संरक्षित क्षेत्र, १ वन्यजन्तु आरक्ष र १ सिकार आरक्ष रहेका छन् । नेपालमा युनेस्कोले मान्यता दिएको १० वटा विश्व सम्पदा क्षेत्र र १० वटा रामसार क्षेत्रहरू छन् ।

पछिल्ला तीन दशकमा नेपालले सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा उल्लेखनीय प्रगति गरेको छ । वि.सं. २०४७ मा ०.४०४ रहेको मानव विकास सूचकाङ्क वि.सं. २०८० मा ०.६२२ पुगेको छ । उक्त तीन दशकमा कुल साक्षरता दर ३९.६ प्रतिशतबाट करिब दोब्बरले बढेर ७६.२ प्रतिशत भएको छ भने औसत आयु ५४.३ वर्षबाट ७१.३ वर्ष पुगेको छ । २०५२/५३ मा ४२ प्रतिशत रहेको निरपेक्ष गरिबी २०७९/८० मा २०.२७ प्रतिशतमा झरेको छ ।

आ.व.२०४७/४८ मा ३ हजार १ सय कि.मि. सडक कालोपत्रे भएको थियो । आ.व. २०८१/८२ मा कालोपत्रे सडकको कुल लम्बाइ २० हजार कि.मि. नाघेको छ । सो अवधिमा सिञ्चित जमिन ८ लाख ४९ हजार हेक्टरबाट करिब दोब्बरले बढेर १५ लाख ८६ हजार हेक्टरसम्म विस्तार भएको छ । आ.व. २०४७/४८ सम्म नेपालमा जम्मा

२८५ मेगावाट विद्युत उत्पादन भएको थियो । आ.व.२०८१/८२ सम्म ४१०५ मेगावाट विद्युत उत्पादन भएको छ ।

आ.व.२०४७/४८ मा नेपालको कुल गार्हस्थ उत्पादन रु.१२० अर्ब थियो, आ.व. २०८१/८२ मा त्यस्तो उत्पादन प्रचलित मूल्यमा रु.६१०७ अर्ब पुगेको छ । आ.व. २०४७/४८ मा रु. ८ हजार ७ सय रहेको नेपालीको प्रति व्यक्ति आय (Per Capita GDP) कैयौं गुणाले वृद्धि भएर आ.व.२०८२/८३ मा रु.२ लाख १८ हजार भएको छ । अमेरिकी डलरमा सो अवधिमा नेपालीको औसत प्रतिव्यक्ति आय २०४ डलरबाट बढेर १५१३ डलर पुगेको छ ।

कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान आ.व. २०४७/४८ मा क्रमशः ४८ प्रतिशत, १७ प्रतिशत र ३५ प्रतिशत रहेकोमा आ.व.२०८२/८३ मा त्यस्तो अंश क्रमशः २४.५, १३.७ र ६१.८ प्रतिशत रहेको छ ।

नेपाल सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्र सङ्घको सदस्य बनेको हो । हालसम्म नेपालले १८३ मुलुकहरूसँग कूटनीतिक सम्बन्ध कायम गरेको छ । नेपाल सन् १९८५ डिसेम्बर ८ मा स्थापित दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को संस्थापक सदस्य हो । सार्क सचिवालय काठमाडौंमा रहेको छ ।

## जनसङ्ख्या र घरपरिवार

| जनगणना वर्ष | जम्मा घरपरिवार | जम्मा जनसङ्ख्या | अन्तर जनगणना जनसङ्ख्या परिवर्तन | जनसङ्ख्या वृद्धि दर | दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|---|---|
| | लाखमा | लाखमा | लाखमा | प्रतिशतमा | वर्षमा |
| २००९/११ | १५ | ८२.५ | २० | २.२७ | ३१ |
| २०१८ | १८ | ९४ | १२ | १.६४ | ४२ |
| २०२८ | २१ | ११६ | २१ | २.०५ | ३४ |
| २०३८ | २६ | १५० | ३५ | २.६२ | २६ |
| २०४८ | ३३ | १८४ | ३५ | २.०८ | ३४ |
| २०५८ | ४३ | २३२ | ४७ | २.२५ | ३१ |
| २०६८ | ५४ | २६५ | ३३ | १.३५ | ५१ |
| २०७८ | ६७ | २९२ | २७ | ०.९२ | ७५ |

स्रोतः राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## जनसङ्ख्या प्रक्षेपण, २०७८-२१०८

| वर्ष | प्रक्षेपित जम्मा जनसङ्ख्या | प्रक्षेपित महिला सङ्ख्या | प्रक्षेपित कुल प्रजनन दर | प्रक्षेपित औसत आयु | प्रक्षेपित अनुपस्थित जनसङ्ख्या |
|---|---|---|---|---|---|
| | लाखमा | लाखमा | बच्चा प्रति महिला | वर्षमा | लाखमा |
| २०७८ | २९४ | १५० | १.९३ | ७१.४ | १८ |
| २०८३ | ३०० | १५६ | १.९० | ७२.६ | २६ |
| २०८८ | ३०६ | १६१ | १.८७ | ७३.६ | ३२ |
| २०९३ | ३१३ | १६५ | १.८४ | ७४.६ | ३४ |
| २०९८ | ३२१ | १६८ | १.७९ | ७५.५ | ३३ |
| २१०३ | ३२८ | १७१ | १.७५ | ७६.४ | २९ |
| २१०८ | ३३५ | १७३ | १.७१ | ७७.० | २६ |

स्रोतः पपुलेसन प्रोजेक्सन फर नेपाल, सन् २०२१-२०५१, राष्ट्रिय तथ्याङ्क कार्यालय

## प्रदेशगत जिल्ला सङ्ख्या, पालिका सङ्ख्या, वडा सङ्ख्या, गाउँ बस्ती सङ्ख्या

| प्रदेश | क्षेत्रफल (हजार वर्ग कि.मि.) | जिल्ला सङ्ख्या | पालिका सङ्ख्या | वडा सङ्ख्या | गाउँ, बस्ती सङ्ख्या | कुल जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | | | | हजारमा | लाखमा |
| नेपाल | १४७.२ | ७७ | ७५३ | ६७४३ | १२६ | २९२ |
| कोशी | २५.९ | १४ | १३७ | ११५७ | २२.७ | ४९.६ |
| मधेश | ९.७ | ८ | १३६ | १२७१ | ७.१ | ६१.१ |
| बागमती | २०.३ | १३ | ११९ | ११२१ | ३२.१ | ६१.२ |
| गण्डकी | २१.५ | ११ | ८५ | ७५९ | १५.९ | २४.७ |
| लुम्बिनी | २२.३ | १२ | १०९ | ९८३ | २२.६ | ५१.२ |
| कर्णाली | २८.० | १० | ७९ | ७१८ | ११.३ | १६.९ |
| सुदूरपश्चिम | १९.५ | ९ | ८८ | ७३४ | १३.६ | २६.९ |

स्रोत: राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## गरिबी र असमानता

प्रतिशतमा

| क्षेत्र | २०५२/५३ | २०६०/६१ | २०६७/६८ | २०७९/८० |
|---|---|---|---|---|
| **गरिबीको दर, नेपाल** | ४१.८ | ३०.९ | २५.२ | २०.३ |
| सहरी क्षेत्र | २१.६ | ९.६ | १५.५ | १८.३ |
| ग्रामीण क्षेत्र | ४३.३ | ३४.६ | २७.४ | २४.७ |
| **गरिबीको विषमता, नेपाल** | ११.८ | ७.६ | ५.४ | ४.५ |
| सहरी क्षेत्र | ६.५ | २.२ | ३.२ | ४.० |
| ग्रामीण क्षेत्र | १२.१ | ८.५ | ६.० | ५.६ |
| **गरिबीको गहनता, नेपाल** | ४.७ | २.७ | १.८ | १.५ |
| सहरी क्षेत्र | २.७ | ०.७ | १.० | १.३ |
| ग्रामीण क्षेत्र | ४.८ | ३.१ | २.० | १.९ |
| **गिनी सूचकाङ्क, नेपाल** | ३२.२ | ४१.४ | ३२.८ | ३०.० |
| सहरी क्षेत्र | ४२.६ | ४३.६ | ३५.३ | ३०.३ |
| ग्रामीण क्षेत्र | ३०.८ | ३४.९ | ३१.१ | २८.७ |

स्रोत : नेपाल जीवनस्तर सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## औसत आयु

| जनगणना वर्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| | | | वर्षमा |
| २००९/११ | २७.१ | २८.५ | २७.८ |
| २०१८ | ३५.२ | ३७.४ | ३६.३ |
| २०२८ | ४२.१ | ४०.० | ४१.१ |
| २०३८ | ५०.९ | ४८.१ | ४९.५ |
| २०४८ | ५५.० | ५३.५ | ५४.३ |
| २०५८ | ६०.१ | ६०.७ | ६०.४ |
| २०६८ | ६५.४ | ६८.० | ६६.६ |
| २०७८ | ६८.२ | ७३.८ | ७१.३ |

स्रोत: राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## प्रमुख जातजातिहरू

| क्र.सं. | जातजाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | २०४८ | २०५८ | २०६८ | २०७८ |
| | | | | | सङ्ख्या, लाखमा |
| १ | क्षेत्री | २९.६८ | ३५.९३ | ४३.९८ | ४७.९७ |
| २ | ब्राह्मण, पहाड | २३.८८ | २८.९६ | ३२.२७ | ३२.९२ |
| ३ | मगर | १३.३९ | १६.२२ | १८.८८ | २०.१३ |
| ४ | थारु | ११.९४ | १५.३४ | १७.३७ | १८.०७ |
| ५ | तामाङ | १०.१८ | १२.८२ | १५.४० | १६.४० |
| ६ | विश्वकर्मा, कामी | ९.६४ | ८.९६ | १२.५९ | १४.७० |
| ७ | मुसलमान | ६.५३ | ९.७१ | ११.६४ | १४.१९ |
| ८ | नेवाः (नेवार) | १०.४१ | १२.४५ | १३.२२ | १३.४१ |
| ९ | यादव | ७.६५ | ८.९५ | १०.५४ | १२.२९ |
| १० | राई | ५.२६ | ६.३५ | ६.२० | ६.४१ |
| ११ | परियार, दमाइ | ३.६८ | ३.९० | ४.७३ | ५.६६ |
| १२ | गुरुङ | ४.४९ | ५.४४ | ५.२३ | ५.४४ |
| १३ | ठकुरी | २.९९ | ३.३४ | ४.२६ | ४.९४ |
| १४ | मिजार, सार्की | २.७६ | ३.१९ | ३.७५ | ४.५२ |
| १५ | तेली | २.५१ | ३.०५ | ३.७० | ४.३१ |
| **प्रमुख १५ जातजातिको जम्मा** | | **१४५.००** | **१७४.६३** | **२०३.७५** | **२२१.३७** |
| **१५ जातजातिको प्रतिशत** | | **७८.४** | **७५.४** | **७६.९** | **७५.९** |

स्रोतः राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## प्रमुख भाषाहरू

| क्र.सं. | मातृभाषा नाम | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | २०४८ | २०५८ | २०६८ | २०७८ |
| | | | | | सङ्ख्या, लाखमा |
| १ | नेपाली | ९३.०३ | ११०.५३ | ११८.२७ | १३०.८४ |
| २ | मैथली | २१.९२ | २७.९८ | ३०.९३ | ३२.२२ |
| ३ | भोजपुरी | १३.८० | १७.१३ | १५.८५ | १८.२१ |
| ४ | थारु | ९.९३ | १३.३२ | १५.३० | १७.१४ |
| ५ | तामाङ | ९.०४ | ११.७९ | १३.५३ | १४.२३ |
| ६ | बज्जिका | NA | २.३८ | ७.९३ | ११.३४ |
| ७ | अवधी | ३.७५ | ५.६१ | ५.०२ | ८.६४ |
| ८ | नेपालभाषा, नेवारी | ६.९० | ८.२५ | ८.४७ | ८.६३ |
| ९ | मगर धुत | ४.३० | ७.७० | ७.८९ | ८.१० |
| १० | डोटेली | NA | NA | NA | ४.९५ |
| प्रमुख १० भाषाको जम्मा | | १६२.६७ | २०४.६८ | २२३.१८ | २५४.३१ |
| १० भाषाको जम्मा प्रतिशत | | ८८.० | ८८.४ | ८४.२ | ८७.२ |

स्रोतः राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## कृषि उत्पादन

| आर्थिक वर्ष | धान | मकै | तेलहन | दलहन | फलफूल | तरकारी |
|---|---|---|---|---|---|---|
| हजार मेट्रिक टनमा | | | | | | |
| २०४७/४८ | ३४९८ | १२२८ | ९१ | १६१ | ५०२ | ९७० |
| २०५२/५३ | ३५७९ | १३३१ | ११६ | २१५ | ३६७ | १३२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०५७/५८ | ४२१६ | १४८४ | १३२ | २६७ | ५३५ | २१९० |
| २०६२/६३ | ४२०९ | १७३४ | १३९ | ३१८ | ८३२ | ३२०३ |
| २०६७/६८ | ४४६० | २०६७ | १७६ | ३१८ | ८३२ | ३२०३ |
| २०७२/७३ | ४२९९ | २२३२ | २११ | ३५२ | ९९३ | ३८२० |
| २०७७/७८ | ४२९९ | ३००० | २८७ | ३९७ | १३६१ | ३९९३ |
| २०७८/७९ | ५६२२ | ३१०६ | २८७ | ४०८ | १४१७ | ४१५३ |
| २०७९/८० | ५१३१ | ३१९३ | २७० | ३४० | १५२८ | ४३७६ |
| २०८०/८१ | ५४८६ | ३१९४ | २६३ | २७७ | १५०९ | ४४४० |
| २०८१/८२ | ५९५५ | ३१९९ | २८३ | २८५ | १५११ | ४७३७ |
| २०८२/८३ | ५७०५ | ३२८४ | २७९ | २८० | १५६६ | ४६६५ |

स्रोतः कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ।

## सरकारी स्वास्थ्य संस्थाहरू

| आर्थिक वर्ष | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | उपस्वास्थ्य चौकी | आयुर्वेदिक केन्द्र | जम्मा | बेड सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| २०४७/४८ | १११* | १८ | ८१६ | - | १५३ | ११०० | ४५७० |
| २०५२/५३ | ८२ | ९६ | ७७५ | २५९७ | १७२ | ३७२२ | ३६०४ |
| २०५७/५८ | ८३ | १९० | ७०० | ३१७० | २७५ | ४४१८ | ५२५० |
| २०६२/६३ | ८७ | १८६ | ६९९ | ३१३१ | २९३ | ४३९६ | ६७९६ |
| २०६७/६८ | ९५ | २०९ | ६७६ | ३१२९ | NA | ४१०९ | ७०४९ |
| २०७२/७३ | १२५ | २०३ | ३८०५ | २६२६ | ३९५ | ७१५४ | ८१७२ |
| २०७७/७८ | १२५ | २०५ | ३८७० | २९७१ | ३९५ | ७५६६ | ११६४० |
| २०७८/७९ | १५४ | १९६ | ३८५३ | २९७१ | ४२४ | ७५९८ | १५७९० |
| २०७९/८० | २१५ | २०१ | ३८२० | ३१९६ | ४२६ | ७८५८ | १६०१५ |
| २०८०/८१ | ३४५ | १४९ | ३७४२ | ४०८४ | ४२६ | ८७४६ | १८६४० |
| २०८१/८२ | ४२० | १८१ | ३६०३ | ४३४६ | ४२६ | ८९७६ | १८६४० |

स्रोतः वार्षिक प्रतिवेदन, स्वास्थ्य सेवा विभाग/आर्थिक सर्वेक्षण २०८२/८३। * निजी नर्सिङ होम समेत ।

## साक्षरता दर

| वर्ष | जम्मा साक्षरता दर | पुरुष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|---|
| | | प्रतिशतमा | |
| २००९/११ | ४.४ | ८.३ | ०.७ |
| २०१८ | ८.९ | १६.४ | १.८ |
| २०२८ | १३.९ | २४.७ | ३.९ |
| २०३८ | २३.३ | ३४.० | १२.० |
| २०४८ | ३९.६ | ५४.५ | २५.० |
| २०५८ | ५४.१ | ६५.५ | ४२.८ |
| २०६८ | ६६.६ | ७६.० | ५७.८ |
| २०७८ | ७६.२ | ८३.६ | ६९.४ |

स्रोतः राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## विद्यालय सङ्ख्या

| शैक्षिक सत्र | आधारभूत तह (१-५) | आधारभूत तह (६-८) | माध्यमिक तह (९-१०) | माध्यमिक तह (११-१२) | जम्मा निजी विद्यालय |
|---|---|---|---|---|---|
| | | | सङ्ख्या | | |
| १९९० | १७८४२ | ३९६४ | १९५३ | - | - |
| १९९५ | २१४७३ | ५०४१ | २६५४ | - | - |
| २००० | २५९२७ | ७२८९ | ४३५० | ७७५ | ११४३३ |
| २००५ | २७५२५ | ८४७१ | ५०३९ | उ.न. | ३४७९ |
| २०१० | ३२६८४ | ११९३९ | ७२६६ | २५६४ | १०४६४ |
| २०१५ | ३४३६२ | १५०९१ | ८९६८ | ३६६९ | ७३०१ |
| २०२० | ३५२०९ | १६८४७ | १०८६३ | ४१८७ | ६७३२ |
| २०२१ | ३४१३८ | १७२२८ | १०९०२ | ४३१० | ६९२६ |
| २०२२ | ३५१०८ | १७७९९ | १११४६ | ४७०६ | ७३७३ |
| २०२३ | १७६१७ | ६७६७ | ६६७२ | ४८२० | ७८८६ |
| २०२४ | १७२५७ | ६६४८ | ६४९३ | ५०४९ | ८१४९ |
| २०२५ | १७५७३ | ६७९० | ७१७० | ४४१८ | ८९४१ |

स्रोतः फ्ल्यास रिपोर्ट, शिक्षा तथा मानव स्रोत विकास केन्द्र। आर्थिक सर्वेक्षण

## सडक, सिँचाइ, विद्युत तथा सञ्चार

| आर्थिक वर्ष | कालोपत्रे सडक हजार कि.मि.मा | सिञ्चित जमिन लाख हेक्टरमा | विद्युत उत्पादन मेगावाटमा | टेलिफोन प्रयोगकर्ता करोडमा | इन्टरनेट प्रयोगकर्ता करोडमा |
|---|---|---|---|---|---|
| २०४७/४८ | ३.१ | ८.४९ | २८५ | ०.००५७ | - |
| २०५२/५३ | ३.६ | १०.५६ | २९७ | ०.००८३ | - |
| २०५७/५८ | ४.६ | ११.२१ | ४२६ | ०.०२८८ | - |
| २०६२/६३ | ५.० | ११.९५ | ६३१ | ०.०४३३ | ०.०२२५ |
| २०६७/६८ | ९.९ | १२.७९ | ७२७ | १.५ | ०.३८ |
| २०७२/७३ | १२.२ | १३.९२ | ८८८ | ३.१४ | १.३८ |
| २०७७/७८ | १६.६ | १५.०९ | १५७८ | ३.९७ | ३.११ |
| २०७८/७९ | १७.२ | १५.३१ | २३०५ | ४.१९ | ३.८४ |
| २०७९/८० | १८.१ | १५.५५ | २६९५ | ३.४८ | ३.९८ |
| २०८०/८१ | १८.८ | १५.६९ | ३१५७ | ३.५४ | ४.२० |
| २०८१/८२ | १९.२ | १५.७३ | ३६०२ | २.९७ | ३.९९ |
| २०८२/८३* | २०.४ | १५.८६ | ४१०५ | ३.०९ | ४.२४ |

स्रोतः सडक विभाग, जलस्रोत तथा सिँचाइ विभाग, नेपाल विद्युत प्राधिकरण, सूचना तथा सञ्चार मन्त्रालय। * आर्थिक सर्वेक्षण २०८२/८३, अर्थ मन्त्रालय, २०८२ फागुन मसान्तसम्म।

## पत्रपत्रिका सङ्ख्या

| पत्रपत्रिका प्रकार | २०४७ | २०५७ | २०६७ | २०७७ | २०८१ | २०८२ |
|---|---|---|---|---|---|---|
| दैनिक | ८२ | १८९ | ४२६ | ७३९ | ७६६ | ७७४ |
| अर्धसाप्ताहिक | ३ | ८ | १९ | ३८ | ४० | ३८ |
| साप्ताहिक | ४५४ | ९७२ | २१३३ | २९५१ | २९८७ | ३००१ |
| पाक्षिक | ४८ | २०६ | ३९९ | ४७६ | ४८३ | ४९० |
| मासिक | - | ७३४ | १६७८ | २३४४ | २३८७ | २३९२ |
| दैमासिक | - | २०० | ३१३ | ३८१ | ३९५ | ३९९ |
| त्रैमासिक | - | ३२४ | ४९९ | ६४५ | ६६३ | ६७३ |
| चौमासिक | - | १५ | २८ | ३९ | ४० | ४१ |
| अर्धवार्षिक | - | ४८ | ७० | ८७ | ९३ | ९४ |
| वार्षिक | - | ४७ | ८० | ९० | ९५ | ९५ |
| अन्य | - | - | - | - | ६१ | ६१ |
| **जम्मा** | **५८७** | **२७४३** | **५६४५** | **७७९०** | **८०१०** | **८०५८** |

स्रोतः सूचना तथा प्रसारण विभाग/ आर्थिक सर्वेक्षण २०८२।२०८३

## पर्यटन

| वर्ष | जम्मा पर्यटक | वार्षिक वृद्धि दर | औसत बसाइ | कुल विदेशी मुद्रा आर्जन |
|---|---|---|---|---|
| | लाखमा | प्रतिशतमा | दिनमा | करोड अमेरिकी डलरमा |
| २०४७ | २.५५ | ६.२ | १२.०० | ६.३७ |
| २०५२ | ३.६३ | ११.३ | ११.२७ | ११.७० |
| २०५७ | ४.६४ | -५.७ | ११.८८ | १५.८७ |
| २०६२ | ३.७५ | -२.६ | ९.०९ | १४.८४ |
| २०६७ | ६.०३ | १८.२ | १२.६७ | ३४.०५ |
| २०७२ | ५.३९ | -३२ | १३.१६ | ३९.२७ |
| २०७७ | २.३० | -८०.७ | १५.१ | ६.१६ |
| २०७८ | १.५१ | -३४.३ | १५.५ | २६.८५ |
| २०७९ | ६.१५ | ३०७.३ | १३.१ | ३५.९७ |
| २०८० | १०.१५ | ६५.०५ | १३.२ | ५४.८२ |
| २०८१ | ११.४८ | १३.०७ | १३.३ | ६२.३४ |
| २०८२ | ११.६२ | १३.१ | १६.३४ | ६५३.३ |

स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## पर्यटकस्तरीय होटल

| वर्ष | तारे होटल | | पर्यटकस्तरीय होटल | | Total | |
|---|---|---|---|---|---|---|
| | होटल | बेड | होटल | बेड | होटल | बेड |
| २०४७ | ५७ | ५५०२ | १११ | ४७४२ | १६८ | १०२४४ |
| २०५२ | ७२ | ६५०२ | ४४८ | १५३०२ | ५२० | २१८०७ |
| २०५७ | ९४ | ९३२० | ७५४ | २५६३८ | ८४८ | ३४९५८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०६२ | ११० | १०७१५ | ८९६ | २८६६९ | १००६ | ३९३८४ |
| २०६७ | १०३ | ९१२५ | ६८६ | २०५१७ | ७८९ | २९३४२ |
| २०७२ | ११६ | ९७१० | ९५७ | २७२४० | १०७३ | ३६९५० |
| २०७७ | १४२ | १३९०० | ११७१ | ३१९५० | १३१३ | ४५८५० |
| २०७८ | १६२ | १५७७५ | ११८३ | ३२६३७ | १३४५ | ४८४१२ |
| २०७९ | १७३ | १६३३५ | १२२८ | ३७०३० | १४०१ | ५३३६५ |
| २०८० | १८२ | १७०७३ | १२३४ | ३७२९७ | १४१६ | ५४३७० |
| २०८१ | २१४ | २०३४३ | १३६४ | ४२२९९ | १५७८ | ६२६४२ |
| २०८२ | २२२ | २१२१९ | १३८३ | ४२९१५ | १६०५ | ६४१३४ |

स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## विदेशी लगानी

| आर्थिक वर्ष | वार्षिक स्वीकृत प्रत्यक्ष लगानी* | वास्तविक वैदेशिक लगानी आप्रवाह** | वास्तविक प्रत्यक्ष वैदेशिक लगानीको हिस्सा |
|---|---|---|---|
| | रु. अर्बमा | रु. अर्बमा | प्रतिशतमा |
| २०५२/५३ | २.२२ | ०.३९ | १७.५ |
| २०५७/५८ | ३.०० | -०.०३ | -१.१ |
| २०६२/६३ | २.६१ | -०.४७ | -१८.० |
| २०६७/६८ | १०.०५ | ६.४४ | ६४.० |
| २०७२/७३ | १५.२५ | ५.९२ | ३८.८ |
| २०७७/७८ | ३२.१७ | १९.५१ | ६०.६ |
| २०७८/७९ | ५४.१६ | १८.५६ | ३४.३ |
| २०७९/८० | ३०.७० | ५.९६ | १९.४ |
| २०८०/८१ | ६९.८३ | ८.४० | १२.१ |
| जम्मा | ५१२.०४ | १६३.५६ | ३१.९ |

* स्रोतः उद्योग विभाग। ** स्रोतः नेपाल राष्ट्र बैङ्क/एफ डी आई सर्भे

## उत्पादनमूलक उद्योग

| प्रमुख सूचकहरू | २०४८/४९ | २०५८/५९ | २०७८/७९ | २०७६/७७ |
|---|---|---|---|---|
| जम्मा उद्योग प्रतिष्ठान, सङ्ख्या ३ | ४,२७१ | ३,२१३ | ४,०७६ | ५,०१७ |
| कुल संलग्न व्यक्ति सङ्ख्या, हजारमा | २२३ | १९२ | २०४ | २८८ |
| कुल कर्मचारी, हजारमा | २१४ | १८२ | १९५ | २७४ |
| कुल तलब, ज्याला, रु. अर्बमा | ३.३५ | ६.३९ | १६.४४ | ७९.४७ |
| स्थीर सम्पत्तिमा लगानी, रु. अर्बमा | २०.०७ | ४०.३७ | ११९.७३ | २८६.३० |
| कुल उत्पादन, रु. अर्बमा | ३३.०९ | ९५.१० | ३२२.५५ | ८६१.०५ |
| कुल लागत, रु. अर्बमा | २०.९४ | ६९.४८ | २४१.७७ | ६२५.७२ |
| कुल मूल्य अभिवृद्धि, रु. अर्बमा | १२.१५ | २५.६१ | ८०.७८ | २३५.३३ |

स्रोतः औद्योगिक गणना /सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## नेपालमा सञ्चालित आर्थिक प्रतिष्ठानहरू

| संलग्न व्यक्तिको आकार | व्यापार | होटल | उद्योग | बैंक तथा बिमा | शिक्षा | स्वास्थ्य | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिष्ठान सङ्ख्या |
| १-९ (हजारमा) | ४९५ | १२८ | ९९ | १४ | २४ | १८ | १०३ | ८८१ |
| १० - १९ | २,५८८ | २,००२ | २,७१४ | २,९३७ | ९,७४३ | १,३४५ | ५,७०६ | २७,०३५ |
| २०-४९ | ६८७ | ६३४ | १,१७० | ६९४ | ५,६७१ | ७२४ | २,१५४ | ११,७३४ |
| ५०-९९ | १०८ | ९७ | ४५९ | ९३ | ८४५ | १६० | ४९६ | २,२५८ |
| १००-४९९ | ६१ | ३८ | ६८६ | १२३ | २६२ | १५६ | २९० | १,६१६ |
| ५००-९९९ | १ | १ | ३९ | २० | ४ | २५ | २८ | ११८ |
| १,००० + | १ | - | ७ | २३ | - | १० | १२ | ५३ |
| **जम्मा (हजारमा)** | ४९८ | १३१ | १०४ | १८ | ४१ | २० | ११२ | ९२३ |

**(हजारमा)**

| प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा (हजारमा)** | १६९ | ११८ | २८३ | १०१ | १४८ | ४३ | ६३ | ९२३ |

स्रोत : राष्ट्रिय आर्थिक गणना, २०७५, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## सरकारी खर्च

| आर्थिक वर्ष | यथार्थ खर्च | | | |
|---|---|---|---|---|
| | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा खर्च |
| | रु. अर्बमा | | | |
| २०४७/४८ | ६.८ | १६.० | ०.७ | २३.५ |
| २०५२/५३ | १८.७ | २५.० | २.८ | ४६.५ |
| २०५७/५८ | ४५.८ | २८.३ | ५.७ | ७९.८ |
| २०६२/६३ | ६७.० | २९.६ | १४.३ | ११०.९ |
| २०६७/६८ | २१०.२ | ४७.३ | ३७.९ | २९५.४ |
| २०७२/७३ | ३७१.० | १२२.४ | १०७.७ | ६०१.० |
| २०७७/७८ | ८४६.२ | २२८.८ | १२१.६ | ११९६.७ |
| २०७८/७९ | ९५४.३ | २१६.२ | १३९.५ | १३१०.० |
| २०७९/८० | ९९१.५ | २३४.६ | १९५.२ | १४२१.३ |
| २०८०/८१ | ९२९.१२ | १९२.०३ | २७२ | १३९३.४ |
| २०८१/८२ | ९८०.३८ | २२२.६८ | ३२०.०४ | १५२३.११ |

स्रोतः महालेखा नियन्त्रकको कार्यालय/नेपाल राष्ट्र बैंक वार्षिक प्रतिवेदन

## नेपालको कुल गार्हस्थ उत्पादन र प्रति व्यक्ति आय

| आर्थिक वर्ष | कुल गार्हस्थ उत्पादन रु. अर्बमा | प्रति व्यक्ति आय रु. हजारमा | प्रति व्यक्ति आय अमेरिकी डलरमा | कुल गार्हस्थ उत्पादनमा हिस्सा (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|
| | | | | कृषि क्षेत्र | उद्योग क्षेत्र | सेवा क्षेत्र |
| २०४७/४८ | १२०.३७ | ८.७ | २०४ | ४७.७ | १७.५ | ३४.८ |
| २०५२/५३ | २४८.९१ | १२ | २१८ | ४०.५ | २२.३ | ३७.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०५७/५८ | ४४१.५२ | १९ | २५९ | ३६.६ | १७.३ | ४६.१ |
| २०६२/६३ | ६५४.०८ | २६ | ३५० | ३३.६ | १६.७ | ४९.७ |
| २०६७/६८ | १५५९.२२ | ५९ | ८१४ | ३४.० | १३.९ | ५२.० |
| २०७२/७३ | २६०८.१८ | ९४ | ८८८ | २९.० | १३.५ | ५७.५ |
| २०७७/७८ | ४३५२.५५ | १५० | १२७७ | २६.४ | १३.३ | ६०.४ |
| २०७८/७९ | ४९७६.५६ | १७१ | १४११ | २५.० | १३.७ | ६१.३ |
| २०७९/८० | ५३६७.०० | १८२ | १३९३ | २४.५ | १३.० | ६२.५ |
| २०८०/८१ | ५७०९.१० | १९२ | १४४३ | २५.२ | १२.४ | ६२.४ |
| २०८१/८२सं | ६१०७.२२ | २०४ | १४९६ | २५.६ | १२.४ | ६२.० |
| २०८२/८३प्रा | ६६००.०९ | २१८ | १५१३ | २४.५ | १३.७ | ६१.८ |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय । सं.: संशोधित, प्रा.: प्रारम्भिक

## वैदेशिक व्यापार

| आर्थिक वर्ष | जम्मा आयात | जम्मा निर्यात | जम्मा व्यापार | व्यापार सन्तुलन |
|---|---|---|---|---|
| | | | | रु. अर्बमा |
| २०४७/४८ | २३ | ७ | ३१ | -१६ |
| २०५२/५३ | ७४ | २० | ९४ | -५५ |
| २०५७/५८ | ११६ | ५६ | १७१ | -६० |
| २०६२/६३ | १७४ | ६० | २३४ | -११४ |
| २०६७/६८ | ३९६ | ६४ | ४६१ | -३३२ |
| २०७२/७३ | ७७४ | ७० | ८४४ | -७०३ |
| २०७७/७८ | १५४० | १४१ | १६८१ | -१३९९ |
| २०७८/७९ | १९२० | २०० | २१२० | -१७२० |
| २०७९/८० | १६१२ | १५७ | १७६९ | -१४५५ |
| २०८०/८१ | १,५९३ | १५२ | १७४५ | -१४४१ |
| २०८१/८२ | १८०४ | २७७ | २०८१ | -१५२७ |

स्रोत: वैदेशिक व्यापार तथ्याङ्क, भन्सार विभाग/नेपालप्रेस

## बैंक, वित्तीय संस्था तथा बिमा

| वर्ष | बैंक तथा वित्तीय संस्थाको सङ्ख्या | | | | | बिमा कम्पनी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | वाणिज्य बैंक | विकास बैंक | वित्तीय संस्था | लघुवित्त संस्था | जम्मा | |
| २०४७ | ५ | २ | - | - | ७ | ५ |
| २०५२ | १० | ३ | ३० | ४ | ४७ | ९ |
| २०५७ | १३ | ७ | ४७ | ७ | ७४ | १२ |
| २०६२ | १७ | २६ | ६० | ११ | ११४ | १९ |
| २०६७ | २७ | ७९ | ७९ | १८ | २०३ | २५ |
| २०७२ | ३० | ७६ | ४८ | ३८ | १९२ | २६ |
| २०७७ | २७ | २० | २२ | ८५ | १५४ | ४० |
| २०७८ | २७ | १८ | १७ | ७० | १३२ | ४१ |
| २०७९ | २६ | १७ | १७ | ६५ | १२५ | ४० |
| २०८० | २० | १७ | १७ | ५७ | १११ | ३४ |
| २०८१ | २० | १७ | १७ | ५२ | १०६ | ३७ |
| २०८२ | २० | १७ | १७ | ५१ | १०५ | ३७ |

स्रोत: नेपाल राष्ट्र बैंक

## मानव विकास सूचकाङ्क

| वर्ष | प्रतिव्यक्ति राष्ट्रिय आय (२०२१ PPP in thousand USD) | | मानव विकास सूचकाङ्क | | | लैङ्गिक विकास सूचकाङ्क | लैङ्गिक असमानता सूचकाङ्क |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | जम्मा | | |
| २०४७ | १.१ | २.४ | ०.३१८ | ०.४७२ | ०.४०४ | ०.६७४ | ०.७४३ |
| २००० | १.९ | २.७ | ०.४१७ | ०.५१८ | ०.४७१ | ०.८०४ | ०.६५७ |
| २०१० | २.७ | ३.६ | ०.५२१ | ०.५८१ | ०.५५१ | ०.८९७ | ०.५२९ |
| २०२० | २.९ | ६.१ | ०.५६१ | ०.६३५ | ०.५९९ | ०.८८४ | ०.४९४ |
| २०२१ | ३.० | ६.१ | ०.५४७ | ०.६४३ | ०.५९६ | ०.८५१ | ०.४९० |
| २०२२ | ३.१ | ६.३ | ०.५५७ | ०.६५१ | ०.६०५ | ०.८५५ | ०.४८७ |
| २०२३ | ३.२ | ६.४ | ०.५६७ | ०.६६१ | ०.६२२ | ०.८५८ | ०.४८७ |

स्रोत : संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (आर्थिक सर्वेक्षण २०८१/८२ बाट साभार)

## प्रदेशगत साक्षरता स्थिति

| प्रदेश | २०६८ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| | | | | | | प्रतिशतमा |
| कोशी | ७१.२ | ७९.३ | ६३.९ | ७९.७ | ८६.१ | ७३.६ |
| मधेश | ४९.५ | ६०.१ | ३८.९ | ६३.५ | ७२.५ | ५४.७ |
| बागमती | ७४.९ | ८२.८ | ६७.० | ८२.१ | ८८.३ | ७६.० |
| गण्डकी | ७४.८ | ८३.५ | ६७.७ | ८१.७ | ८८.८ | ७५.३ |
| लुम्बिनी | ६६.४ | ७५.५ | ५८.३ | ७८.१ | ८५.२ | ७१.७ |
| कर्णाली | ६२.८ | ७२.९ | ५३.२ | ७६.१ | ८३.३ | ६९.४ |
| सुदुरपश्चिम | ६३.५ | ७६.४ | ५१.९ | ७६.२ | ८५.४ | ६८.२ |

स्रोतः राष्ट्रिय जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

## प्रादेशिक तथ्याङ्क

| प्रदेश | जम्मा क्षेत्रफल | वन क्षेत्र | HDI, २०१९ | प्रति व्यक्ति आय | गरिबी दर | बेरोजगारी दर |
|---|---|---|---|---|---|---|
| | हजार वर्ग कि.मि. | हजार हेक्टरमा | | अमेरिकी डलरमा | प्रतिशतमा | प्रतिशतमा |
| नेपाल | १४७.२ | ६६१० | ०.५८७ | १४९६ | २०.२७ | ११.४ |
| कोशी | २५.९ | ११३४ | ०.५८० | १४०१ | १७.१९ | १०.२ |
| मधेश | ९.७ | २६४ | ०.५१० | ९३२ | २२.५३ | २०.१ |
| बागमती | २०.३ | १०९१ | ०.६६१ | २६०१ | १२.५९ | ७.० |
| गण्डकी | २१.५ | ८१७ | ०.६१८ | १६२० | ११.८८ | ९.० |
| लुम्बिनी | २२.३ | ९७४ | ०.५६३ | १२०१ | २४.३५ | ११.२ |
| कर्णाली | २८.० | ११८३ | ०.५३८ | १०८९ | २६.६९ | ९.७ |
| सुदूरपश्चिम | १९.५ | ११४७ | ०.५४७ | ११५३ | ३४.१६ | ११.५ |

स्रोतः नापी विभाग, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय तथ्याङ्क कार्यालय ।